# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ८६ | बुटवल | २०८१ चैत १०, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Mar. 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# 'लगानीका लागि रूपन्देही उत्कृष्ट गन्तव्य'

**सरोकारवालाले पुँजीगत लाभकर र रजिष्ट्रेसन शुल्क घटाउन र मूल्याङ्कन रकम बढाउने हो भने कारोबारमा वृद्धि भई राजस्व बढ्ने र अर्थतन्त्र चलायमान हुने सरकारलाई सुझाएका छन् ।**





**लुम्बिनी संवाददाता**

*बुटवल*

उद्योगी व्यवसायी तथा जनप्रतिनिधिहरुले उद्योग व्यवसायमा लगानीका लागि रुपन्देही उत्कृष्ट गन्तव्य भएको बताएका छन् । बुद्ध जन्मस्थल लुम्बिनी, अन्तर्राष्ट्रिय विमानस्थल, जनसंख्याको उच्च चाप, सडक पूर्वाधार र देशकै प्रमुख औद्योगिक जिल्ला भएकाले रुपन्देहीमा लगानीका लागि प्रचूर संभावना भएको औंल्याएका हुन् ।

रुपन्देही घर जग्गा व्यवसायी संघको तेस्रो अधिवेशनका अवसरमा बोल्दै उनीहरुले बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर रुपन्देही र आसपासका क्षेत्रहरुमा लगानीको प्रचूर सम्भावना रहेको बताएका हुन् ।

उनीहरुले लुम्बिनी आसपासका शहर जोडेर शान्ति शहर बनाउन सकिने र विदेशी लगानी समेत आकर्षित गर्न सकिने समेत औंल्याएका छन् । व्यवसायीहरुले घरजग्गा कारोबारलाई उद्योग सरह मान्यता दिन समेत माग गरेका छन् ।

उनीहरुले शिथिल अर्थतन्त्र चलायमान बनाउन घर जग्गाको पुँजीगत लाभकर र रजिष्ट्रेसन कर घटाउन तथा मूल्याङ्कन रकम बढाउन सरोकारवालाले माग गरेका छन् ।

कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेले हाल सरकारले लिंदै आएको पुँजीगत लाभ कर र रजिस्ट्रेसन कर धेरै महँगो भएकाले घटाउनुपर्ने माग गरे । सांसद घिमिरेले घर जग्गाको सरकारी मूल्याङ्कन दर अति न्यून भएको, तर कारोबार महँगोमा हुने भएकाले राज्यको राजस्व गुमेको तर्क गर्दै मूल्याङ्कन रकम वैज्ञानिक हुने गरी वृद्ध गर्न माग गरे ।

'शिथिल अर्थतन्त्र चलायमान बनाउँदै उकास्न पुँजीगत लाभ कर र रजिष्ट्रेशन कर घटाउनुपर्छ, जग्गाको मूल्याङ्कन रकम बढाउनुपर्छ,' घिमिरेले भने -'यसले घर जग्गाको कारबोर वृद्धि हुन्छ र राज्यको राजस्व आम्दानी पनि बढ्छ ।'

यस विषयमा आफूले अर्थमन्त्री घिमिरेसँग कुरा गरेको उल्लेख गर्दै आगामी वजेटमा यो माग सम्बोधन हुने बताए ।

उनले सरकारले नीतिगत सुधार गर्ने हो भने बुद्ध जन्मस्थल लुम्बिनी र आसपासका क्षेत्र समेटेर लुम्बिनी मेगासिटी बन्न सक्ने बताए ।

सांसद घिमिरेले अन्तर्राष्ट्रिय जगतमा घर जग्गा कारोबारलाई सम्मानित व्यवसाय र उद्योगको रुपमा मान्यता दिइएको, तर नेपालमा नकारात्मक दृष्टिले हेर्ने गरिएकाले सरकारले निजी क्षेत्रमार्फत् एकीकृत बस्ती विकासको स्पष्ट नीति बनाउनुपर्ने बताए ।

अर्का सांसद विनोद चौधरीले बुद्ध जन्मस्थल लुम्बिनी, अन्तर्राष्ट्रिय विमानस्थल, ६ लेन सडक र देशकै प्रमुख औद्योगिक जिल्ला भएकाले यहाँ लगानीका प्रचूर सम्भावना रहेकाले ढुक्क भएर लगानी गर्न आग्रह गरे । कुनै बेला विराटनगर र वीरगञ्ज औद्योगिक नगरीको रूपमा चिनिए पनि अहिले त्यसलाई रुपन्देहीले उछिनेको उनले बताए । प्रतिनिधिसभा सदस्यसमेत रहेका चौधरीले उद्योगी व्यवसायीहरूलाई आफ्नो लगानीको प्रमुख 'डेस्टिनेसन' रुपन्देहीलाई बनाउन आग्रह गरे ।

'रुपन्देही विकासमा धेरै माथि पुगेको रहेछ, यसमा म अनभिज्ञ जस्तै रहेछु,' चौधरीले भने-'कुनै बेला वीरगन्ज र विराटनगर अगाडि थिए, तर अहिले रुपन्देहीले जितिसकेछ ।' चौधरीले आफूले पनि अबको लगानी रुपन्देहीमा केन्द्रित गर्ने योजना बनाएको जानकारी दिए । 'रुपन्देही देशको आर्थिक हव बन्दै छ, त्यसको विकासमा अहिलेका अर्थमन्त्री विष्णु पौडेलको प्रमुख भूमिका छ ।'-सांसद चौधरीले थपे ।

लुम्बिनी र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल राजनीति र कूटनीतिको शिकार बनेको टिप्पणी गर्दै उनले विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि सरकारले गम्भीर पहल थाल्नुपर्ने चौधरीले सुझाए ।

नेपालमा घरजग्गा व्यवसायलाई व्यवस्थित र सम्मानित क्षेत्र बनाउन आवश्यक रहेको उनले बताए । 'बालुवा मात्र भएको देश दुबईले आफूलाई रियल स्टेटको माध्यमबाट विकास गऱ्यो, अहिले धेरै देशले दुबईका अग्ला टावरको नक्कल गर्दैछन्,' उनले भने-'नेपालमा र विशेषगरी लुम्बिनी क्षेत्रमा पनि रियल स्टेटका माध्यमबाट ठूला पुर्वाधार बनाई संसारलाई आकर्षित गर्न सकिन्छ, त्यसका लागि सरकारका नीति, कानून व्यवसायी मैत्री हुनुपर्छ ।'

सांसद चौधरीले नेपालमा अपवादबाहेक व्यवसायीलाई प्रोत्साहन गर्नेभन्दा अनावश्यक बढी नियमन गरेर दुःख दिने र निरुत्साहित गर्ने प्रवृत्ति हाबी रहेको गुनासो गरे । नेपाल घरजग्गा व्यवसायी महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेले रुपन्देही जिल्लाबाट सामूहिक प्रतिबद्धता गरी मुलुकलाई समृद्ध बनाउन लाग्नुपर्नेमा जोड दिए । यसका लागि निजी क्षेत्र एकढिक्का भएर लगानी गर्ने र यसको वातावरण मिलाउनुपर्ने उनले बताए । महासंघले सुरु गर्ने कम्पनीमा मुलुकभरका व्यवसायी समेटेर अगाडि बढ्ने उनले जनाए ।

महासंघका वरिष्ठ उपाध्यक्ष दीपक मलहोत्राले बुद्ध जन्मस्थल लुम्बिनी र रुपन्देही लगानीका लागि उत्कृष्ट गन्तव्य भएको बताए ।

व्यावसायी मीनमान श्रेष्ठले सरकारले घरजग्गा कारोबारलाई उद्योगको मान्यता दिन आनाकानी गरेकाले मर्कामा परेको बताए । 'हामीले वर्षौंदेखि माग गरे पनि सरकारले रियलस्टेटलाई उद्योगको मान्यता दिएन,' उनले भने-'अब उद्योगको मान्यता दिलाउन मुलुकभरबाट दबाब दिनुस् ।'

अहिलेदेखि संयुक्त रुपमा दबाब दिने हो भने एक न एकदिन उद्योगको मान्यता पाउने उनले बताए ।

» बाँकी ३ पेजमा

## कुशासन र बेरोजगारीले पुनरुत्थानवादी सल्बलाए : घनश्याम




बुटवल । नेकपा (एकिकृत समाजवादी)का महासचिव घनश्याम भुसालले राजनीतिले सही दिशा लिन नसक्दा पुनरुत्थानवादी शक्तिहरु सलबलाएको बताएका छन् । पछिल्लो समय पूर्व राजा ज्ञानेन्द्र शाहको सक्रियता र उनको समर्थनमा भएका प्रदर्शनतर्फ लक्षित गर्दै अब त्यस्ता शक्तिलाई निस्तेज पार्न राजनीतिक हस्तक्षेपको आवश्यकता रहेको बताए ।

नेकपा एकिकृत समाजवादी रुपन्देहीको १०औं जिल्ला अधिवेशनको बुटवलमा उद्घाटन गर्दै महासचिव भुसालले राजतन्त्र घाटमा सेलाइसकेकाले त्यो ब्यूँझिएर आउन सम्भव नभएको बताए । उनले गणतान्त्रिक शक्तिहरुमा सुधारको खाँचो रहेको समेत औंल्याए । 'कुशासन र बेरोजगारी समस्याका कारण पुनरुत्थानवादी र पपुलिष्ट शक्तिहरुको स्वर चर्को भएको हो,' भुसालले भने-'यसमा सरकार र मुख्य राजनीतिक दलहरु जिम्मेवार हुनुपर्छ ।' महासचिव भुसालले राजनीतिक रुपमा गणतन्त्रको रक्षाका लागि हस्तक्षेप नगरे नेपालको दुर्दशा हुने खतरा रहेको बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई यसतर्फ सचेत रहन आग्रह समेत गरे ।

'कुनै जमाना यस्तो थियो, ओली जी रिसाएर हेर्दा मान्छे जलेर भष्म हुन्थे,' महासचिव भुसालले भने -'तर आज बोल्न त नसक्ने दिन आयो नै, झ्याल खोलेर हेर्न पनि नसक्ने अवस्था भयो, यो सामान्य कुरा होइन ।' उनले अबको संकटबाट बाहिर निस्कन प्रधानमन्त्री ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आफ्नो दम्भ र घमण्ड त्याग्नुपर्ने बताए । 'ओली, प्रचण्ड, देउवा कान खोलेर सुन, यो संकट यसै जानेवाला छैन,' महासचिव भुसालले भने -'रोजगारी र सुशासन कायम गर्ने ग्यारेन्टी गर्ने एजेन्डामा आउनुस् ।'

नेकपा एकिकृत समाजवादीले मुलुकको अस्तव्यस्ताबाट बाहिर निकाल्न र गणतन्त्रको रक्षाका लागि चैत १ गते आन्दोलनको कार्यक्रम घोषणा गरेको बताउँदै त्यसैको आधारमा राष्ट्रिय ऐजेन्डामा आउन उनको आग्रह छ । उनले १० वर्षमा रोजगारी सृजना गरी राष्ट्रिय पुँजीको विकास गर्ने र मुलुकमा भ्रष्टाचार नगर्ने गरी राष्ट्रिय ऐजेन्डा बनाउन सर्वदलीय सम्मेलनको प्रस्ताव गरेको समेत बताए । मुख्य तीन दलका नेताहरुप्रति संकेत गर्दै भुसालले भने-'यिनीहरुले अहिले सुन्दैनन, दम्भ, घमण्डले सुन्दैनन्, जब अराजनीतिक मान्छेहरुले लखेट्न थाल्छन् बल्ल बुझ्छन् ।' उनले बाहिरबाट हेर्दा सारा नेपाल बौलाएजस्तो देखिएको बताउँदै मुख्य समस्या गरिवि, बेरोजगारीले जन्माएको निराशाको परिणाम भएको बताए ।

राजनीतिले राजनीति, राज्यले दायित्व बिर्सेपछि उल्का हुने गरेको उनले बताए । उनले अहिले पनि वर्तमान अवस्थालाई दुई तिहाईको सरकारले नबुझ्ने हो भने राजावादी वा पुनरुत्थानवादीहरु थप सक्रिय हुने बताए । 'रोजगारी र सुशासन नै अबको आन्दोलन हो, हामी त्यसैका लागि आन्दोलनको मैदानमा होमिएका छौं ।'-उनले भने । उनले अहिले आफूहरु आन्दोलनको मैदानमा सबैलाई आउन आह्वान गरेको बताउँदै हण्डर ठक्कर खाएपछि नेकपा एमाले, कांग्रेस, माओवादी पनि एकै ठाउँ आउने बताए ।

एकिकृत समाजवादीको आन्दोलन लामो यात्राका लागि तय भएको बताउँदै अब सत्तामा गएर दुईवटा मन्त्री लिएर नबस्ने बताए । 'एक्लै आन्दोलनको शुरुवात गर्ने हो ।'-उनले भने । उनले वामपन्थी र कम्यूनिष्टहरुसँग सडकको यात्रामा भेट हुने बताए । उनले राष्ट्रिय पूजीको विकास गर्दै समाजवादमा जाने यात्रामा सडकमै एकता र सहकार्य हुने बताए । उनले आफूहरुको कार्यक्रममा मुलुकको राजनीति आउने समेत दाबी गरे ।

» बाँकी ३ पेजमा

## घर जग्गा व्यवसायी संघ रूपन्देहीमा नयाँ नेतृत्व



भैरहवा । घर जग्गा व्यवसायी संघ रुपन्देहीको तेस्रो अधिवेशनले भैरहवाका सुरज उप्रेती अध्यक्ष रहेको १९ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको छ । सर्वसम्मत निर्वाचित कार्यसमितिको प्रथम उपाध्यक्षमा तिलोत्तमाका विष्णुप्रसाद भुसाल, द्वितीय उपाध्यक्ष सैनामैनाका कृष्ण कुँवर, महासचिव भैरहवाका धिरज घिमिरे, सचिवमा भैरहवाकै पिताम्बर न्यौपाने र कोषाध्यक्षमा भैरहवाकै प्रेमनारायण बेल्बासे निर्वाचित भएका निर्वाचन समितिका प्रमुख धर्मबहादुर खड्काले जानकारी दिए । कार्यसमिति सदस्यहरुमा सुमन न्यौपाने (भैरहवा) रितेश सिलवाल (बुटवल), सागर सुवेदी (बुटवल), कृष्णप्रसाद अधिकारी (देवदह),कृष्णप्रसाद यादव (रोहिणी) , आवास बन्जाडे (तिलोत्तमा), नारायण महत (सैनामैना), अशोक भुसाल (तिलोत्तमा) , अभिनव थापा (भैरहवा), छत्रबहादुर पन्थी (बुटवल) , गंगाधर पाण्डे (ओमसतिया) , रामापति यादव (मर्चवार) र अमृत भुसाल (तिलोत्तमा) रहेका छन् ।

नवनिर्वाचित अध्यक्ष उप्रेतीले जिल्लामा छरिएर रहेका घर जग्गाको कारोबार गर्ने सबै व्यवसायीलाई संघमा आबद्ध गराई संस्थागत बनाउने र कारोबारलाई करको दायरामा ल्याउन पहल गर्ने बताए । प्रथम उपाध्यक्ष विष्णुप्रसाद भुसालले रुपन्देहीमा देशभरका लगानीकर्ताको लगानी भित्राउने गरी योजना बनाएर काम गर्ने बताए । रुपन्देहीमा करिब सय जना व्यवसायीले फर्म दर्ता गरेर घर जग्गाको कारोबार गरिरहेका छन् ।

## राज्यको गलत नीतिले नेपाली ट्रक व्यवसायी संकटमा

**दैनिक ९ सय बढी भारतिय ट्रक नेपालमा गुड्दा र ओभरलोड नियन्त्रण नहुँदा व्यवसाय संकटमा परेको व्यवसायीको गुनासो छ ।**




**मोहम्मद हबिब**

*भैरहवा*

राज्यको गलत नीतिले नेपाली ट्रक व्यवसायीहरुको अवस्था दयनीय हुँदै गएपछि पलायन हुनुपर्ने अवस्था आएको बताएका छन् ।

लुम्बिनी ट्रक व्यवसायी संघ सिद्धार्थनगरको १३औं साधारण सभा तथा ६औं अधिवेशनमा बोल्दै व्यवसायीहरुले राज्यको गलत नीतिगत व्यवस्थाका कारण भारतीय गाडीहरु निर्वाध चल्ने र नेपाली ट्रक व्यवसायीहरुले कर मात्रै तिर्ने गरेकोले व्यवसाय नै संकटमा परेको बताए ।

पटक पटक आन्दोलित बनेका नेपाली ट्रक व्यवसायीहरुको समस्या सरकारलाई अवगत हुँदा पनि समस्या समाधान नगर्दा निराश हुँदै गएको उनीहरुको गुनासो छ ।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले ट्रक व्यवसायीका समस्यालाई सम्बोधन गर्ने गरि प्रदेश सरकार लागिपरेको बताए । उनले नविकरणको लागि छुटको व्यवस्था गर्ने बताउँदै सडकमा गुडाउने गाडीका चालकलाई तालिम आवश्यक रहेको बताए ।

नेपाल ट्रक यातायात व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष हिरालाल श्रेष्ठले बनेका कानुन र भएका सहमति पालना नहुँदा नेपाली ट्रकहरु पार्किङ्मै रहिरहने तर ९ सय बढी भारतीय ट्रकहरु दैनिक रुपमा निर्वाध नेपालभर चल्ने गरेको बताए । पन्ध्र सय रुपैयाँ जरिवाना गरेर देशभरि ओभरलोडसहित भारतीय ट्रकहरुको बिगबिगीले राज्यको करोडौको संरचना ध्वस्त हुँदा पनि राज्य मुकदर्शक बनेको उनले जनाए ।

मुलुक संघीयतामा गए पनि प्रदेश सरकारहरुले यातायातमैत्री नीति नबनाएको गुनासो गरे ।

» बाँकी ३ पेजमा




२०८१ चैत १०, गते आइतबार
Sunday Mar. 23, 2025

दैनिक लुम्बिनी

# सम्पादकीय

## पार्किङ् स्थलको व्यवस्थापन गर

सिद्धार्थ नगरपालिकामा पार्किङ् व्यवस्थापन हुन नसक्दा समस्या देखिएको छ। पैदलयात्रु निर्वाध आवगमनको सहजताको लागि फुटपाथ बनाइएको भए पनि फुटपाथलाई पार्किङ्को रुपमा प्रयोग गरिएको छ। सडकमा सवारी साधनको चाप दिन प्रतिदिन बढ्दै गए पनि पार्किङ् स्थलको व्यवस्थापनमा नगरपालिकाको ध्यान गएको देखिँदैन । जसले भैरहवा बजार अस्तव्यस्त हुँदै गएको छ।

सिद्धार्थनगर नगरपालिकाले पछिल्लो केही दिनदेखि नगरप्रहरीको प्रयोग गर्दै सडकपेटी अतिक्रमणलाई हटाउने अभियान सुरु गरेको छ। यो अभियानले थुप्रै व्यवसायीहरु कारबाहीको दायरामा आइ जरिवानामा पर्दा नगरपालिकाले बुद्धचोक नजिकै राखेको फुटपाथको पार्किङ्को विषयमा केही गर्न सकेको छैन।

फुटपाथसहित सर्भिस रोडमा समेत जथाभावी पार्किङ् गर्दा पैदल यात्रीलाई समस्या भएको छ। जथाभावी पार्किङ् गर्दा र एउटा लेनमा चल्नुपर्ने साधन उल्टो लेनमा चल्दा दुर्घटनाको जोखिम बढेको छ। फुटपाथ व्यवस्थित गर्दा नगरप्रहरीले स्थानीय व्यसायीलाई चित्र बुझाएर अघि बढ्नुपर्छ। अर्कोतिर भैरहवामा प्रवेश निषेध गरेको क्षेत्रमा सवारीसाधन निरन्तर प्रवेश गर्दा समेत ट्राफिक प्रहरी मुकदर्शक भई बसेको जनगुनासो छ ।

सबैले देखिने गरी राखिएको ट्राफिक चिन्हलाई बेवास्ता भएको छ। अर्कोतिर भैरहवा क्षेत्रको राजमार्गमा ट्राफिक व्यवस्थापनका लागि बुद्धचोक र देवकोटा चोकमा रहेको ट्राफिक लाइट नियमित रुपमा नचल्दा दुर्घटनाको उच्च जोखिममा छ। स्वचालित रुपमा २४ घण्टा बल्नुपर्ने ट्राफिक बत्ती कहीले बल्ने र कहिले नबल्दा चालकहरु भुक्किएर झन् दुर्घटनाको जोखिम बढेको छ।

भैरहवामा सवारी साधनको चाप बढेसँगै पार्किङ् स्थल र ट्राफिक व्यवस्थापनमा स्थानीय सरकार र सम्बन्धित सरकारी निकाय संवेदनशील हुन अति आवश्यक छ। राज्यले सवारी साधन गुडाएबापत चर्को कर लिन्छ, तर पार्किङ स्थल र ट्राफिक व्यवस्थापनमा ध्यान नदिँदा नागरिकमा असन्तुष्टी बढेको छ। समग्र ट्राफिक व्यवस्थापनका लागि नियमित रुपमा चेकजाँच र नियम विपरीत गर्नेलाई कारबाहीको दायरामा ल्याउन जरूरी छ।

# भाषाको अस्तित्व रक्षामा चुनौती



अर्जुन घिमिरे

*नेपालका विश्वविद्यालयमा उच्च शिक्षा अधिकतम रूपमा अङ्ग्रेजी भाषामै पढाइन्छ। प्रतिष्ठित विद्यालय तथा कलेजहरूले परीक्षा तथा शोधपत्र अङ्ग्रेजीमा मात्र लेख्न निर्देशन दिने गरेका छन् । नेपालमा गजल, शायरी, कवितामा उर्दु तथा फारसी भाषाका शब्दहरूको अत्यधिक प्रयोग छ । नेपाली साहित्यमा फारसी तथा उर्दु शब्दको मिसावट बढ्दै गएको छ। नेपालको सरकारी कार्यालयहरूमा नेपाली भाषाको प्रयोग उच्चतम रहन सकेको छैन। सरकारी कतिपय कागजात, कानुनी पत्राचार तथा नीतिगत निर्णय अङ्ग्रेजीमै तयार गरिन्छ, जसले गर्दा सर्वसाधारण नेपाली नागरिक सरकारी प्रक्रियामा सहज पहुँच प्राप्त गर्न सक्दैनन्।*

नेपाली भाषा नेपालको पहिचान, संस्कृति, र राष्ट्रिय एकताको प्रतीक हो। नेपाली भाषा नेपालको राष्ट्रिय भाषा हो, जुन सरकारी कामकाज, शिक्षण प्रणाली, सञ्चार माध्यम, तथा सामाजिक सञ्जालमा अनिवार्य प्रयोग गर्नु पर्छ। नेपाली भाषा सञ्चारको माध्यम मात्रै नभई नेपालको सांस्कृतिक सम्पदा, ऐतिहासिक दस्तावेज, तथा साहित्यिक धरोहर पनि हो।

पछिल्ला केही दशकमा नेपाली भाषाले विभिन्न चुनौती सामना गरिरहेको छ। अङ्ग्रेजी, हिन्दी, उर्दु, फारसी, तथा अन्य विदेशी भाषाको प्रभाव, प्रविधिमा नेपाली भाषाको न्यून प्रयोग, सरकारी प्रशासनमा अङ्ग्रेजीको वर्चस्व, निजी विद्यालय तथा विश्वविद्यालयमा अङ्ग्रेजीको प्राथमिकता, डिजिटल माध्यममा नेपाली भाषाको उपेक्षा, र प्रवासी नेपाली समुदायमा नेपाली भाषाको प्रयोगमा आएको गिरावट नेपाली भाषाका लागि गम्भीर चुनौतीका रूपमा देखिएका छन्। नेपालमा भाषा केवल सञ्चारको माध्यम मात्र नभई राष्ट्र निर्माणको आधार पनि हो। नेपालको विभिन्न कालखण्डमा नेपाली भाषा विभिन्न राजनीतिक, सामाजिक, तथा सांस्कृतिक परिवर्तनका कारण प्रभावित हुँदै आएको छ। नेपाली भाषाको इतिहास, वर्तमान अवस्था, विदेशी भाषाको प्रभाव, प्रमुख चुनौती, तथा दीर्घकालीन समाधानका उपायलाई गहिरो रूपमा विचार गर्नु आवश्यक छ।

नेपालको भाषिक इतिहास समृद्ध छ। नेपाली भाषा संस्कृत, प्राकृत, अपभ्रंश, तथा तिब्बती-बर्मेली भाषा परिवारबाट प्रभावित हुँदै आएको छ। यसको विकास विभिन्न ऐतिहासिक कालखण्डमा विभाजन गर्न सकिन्छ। प्रारम्भिक इतिहासमा किराँतकाललाई भाषिक विकासको युग मानिन्छ। यस कालमा नेपालमा बोलिने भाषा तिब्बती-बर्मेली भाषा परिवारसँग सम्बन्धित थियो। त्यसपछि लिच्छविकालमा संस्कृत भाषाको अत्यधिक प्रभाव रह्यो। यस समयमा सरकारी दस्ताबेज, अभिलेखहरू, तथा शिलालेखहरू संस्कृतमै लेखिन्थे। मल्लकाल नेपाली भाषाको विकासको महत्वपूर्ण कालखण्ड हो। यस समयमा नेपाली, संस्कृत, तथा नेपाल भाषाको साहित्य फस्टायो। गुणकमल भिक्षु, जगज्योति मल्ल, तथा अन्य विद्वान्हरूले नेपाली भाषाको विकासमा महत्वपूर्ण योगदान दिए।

पृथ्वीनारायण शाहद्वारा नेपाल एकीकरण भएपछि नेपाली भाषा राष्ट्रिय भाषाका रूपमा फैलन थाल्यो। उनले गोरखाली भाषालाई प्रशासनिक तथा सैनिक भाषा बनाए, जसका कारण यो नेपालभर मुख्य भाषा बन्न पुग्यो। शाहवंशीय शासनकालमा सरकारी पत्राचार, आदेश, तथा कानुनी निर्णय नेपाली भाषामै लेखिन्थे। राणाकालमा संस्कृत भाषा उच्च वर्गको भाषा बनाइयो, जबकि आम नेपाली जनताले पढ्न-लेख्न पाउने अवसर सीमित थियो। यस कालखण्डमा नेपाली भाषा शिक्षामा प्रयोग गरिएन। भानुभक्त आचार्यद्वारा लेखिएको 'रामायण' नेपाली भाषाको विकासमा महत्वपूर्ण योगदान बन्यो।

१९५१ मा प्रजातन्त्र आएपछि नेपाली भाषाको प्रयोग शिक्षा प्रणाली, सञ्चार माध्यम तथा सरकारी प्रशासनमा तीव्र रूपमा बढ्यो। १९५६ मा सरकारले शिक्षा नीति लागु गरेपछि विद्यालयमा नेपाली भाषामा पठनपाठन अनिवार्य गरियो। संविधान १९५९, १९६२, १९९०, तथा २०७२ ले नेपाली भाषालाई राष्ट्रिय भाषा भनेर स्वीकार गरेको छ। नेपाल एक बहुभाषिक समाज भएको देश हो। यहाँ १२३ भन्दा बढी मातृभाषा छन्। यद्यपि पछिल्ला दशकमा नेपाली भाषामा हिन्दी, अङ्ग्रेजी, उर्दु, फारसी, तथा अन्य विदेशी भाषाको प्रभाव तीव्र रूपमा बढ्दै गएको छ।

नेपालका २२ भन्दा बढी जिल्ला भारतसँग प्रत्यक्ष सीमाना जोडिएका छन्, जसले गर्दा हिन्दी भाषाको सांस्कृतिक, व्यापारिक, तथा सञ्चार माध्यममा प्रभाव बढिरहेको छ। भारतका टेलिभिजन च्यानल, चलचित्र, सङ्गीत, तथा समाचार माध्यम नेपालमा अत्यधिक रुचाइन्छन्, जसले गर्दा नेपाली भाषामा हिन्दी शब्दहरूको मिश्रण बढ्दै गएको छ। अङ्ग्रेजी भाषा नेपालमा शिक्षा, सरकारी प्रशासन, प्रविधि, व्यापार, तथा समाजमा अत्यधिक प्रभावशाली बनेको छ। नेपालका ७५ प्रतिशतभन्दा बढी निजी विद्यालयले अङ्ग्रेजीलाई प्रमुख शिक्षाको माध्यम बनाएका छन्। अङ्ग्रेजी भाषाको वर्चस्वका कारण नेपाली भाषामा लेखन, अनुसन्धान, तथा औपचारिक प्रयोगमा गिरावट आएको छ।

नेपालका विश्वविद्यालयमा उच्च शिक्षा अधिकतम रूपमा अङ्ग्रेजी भाषामै पढाइन्छ। प्रतिष्ठित विद्यालय तथा कलेजहरूले परीक्षा तथा शोधपत्र अङ्ग्रेजीमा मात्र लेख्न निर्देशन दिने गरेका छन्। नेपालमा गजल, शायरी, कवितामा उर्दु तथा फारसी भाषाका शब्दहरूको अत्यधिक प्रयोग छ। नेपाली साहित्यमा फारसी तथा उर्दु शब्दको मिसावट बढ्दै गएको छ। नेपालको सरकारी कार्यालयहरूमा नेपाली भाषाको प्रयोग उच्चतम रहन सकेको छैन। सरकारी कतिपय कागजात, कानुनी पत्राचार तथा नीतिगत निर्णय अङ्ग्रेजीमै तयार गरिन्छ, जसले गर्दा सर्वसाधारण नेपाली नागरिक सरकारी प्रक्रियामा सहज पहुँच प्राप्त गर्न सक्दैनन्।

नेपाल प्रहरी तथा सेनाका कतिपय आधिकारिक रिपोर्ट, गाडीका शब्द, गाडीका एम्बोस्ड नम्बरहरू अङ्ग्रेजी भाषामा मात्र तयार पारिन्छन्, जसले गर्दा सर्वसाधारण नेपाली नागरिकलाई कानुनी प्रक्रिया बुझ्न कठिनाइ हुन्छ। नेपालको शिक्षण प्रणालीमा अङ्ग्रेजी भाषा प्राथमिक बनाइएको छ, जसका कारण नेपाली भाषा पछि परिरहेको छ। उच्च शिक्षाका अधिकांश पाठ्यक्रम अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छन्, जसका कारण नेपाली भाषामा अध्ययन गर्ने विद्यार्थीका लागि ज्ञान हासिल गर्न कठिनाइ भइरहेको छ। नेपालका विज्ञान, प्रविधि, चिकित्सा, व्यवस्थापन, तथा इन्जिनियरिङसम्बन्धी पुस्तक नेपाली भाषामा उपलब्ध छैनन्।

डिजिटल प्रविधिमा नेपाली भाषाको प्रयोग सीमित छ। नेपालका ८० प्रतिशतभन्दा बढी सरकारी तथा निजी वेबसाइट अङ्ग्रेजी भाषामा मात्र सञ्चालन हुन्छन्। सरकारी तथा निजी बैङ्किङ प्रणाली, बिमा कम्पनी, अनलाइन सेवा तथा मोबाइल एप्लिकेसनमा पनि नेपाली भाषाको प्रयोग नगन्य मात्रामा पाइन्छ। नेपाली भाषाको प्रवर्धनका लागि सरकारी तथा निजी क्षेत्रले ठोस नीति ल्याउन आवश्यक छ।

नेपाली भाषाको प्रवर्धनका लागि नेपालबाहिर रहेका नेपाली समुदायले महत्वपूर्ण भूमिका खेल्न सक्छन्। अन्तर्राष्ट्रिय नेपाली समाज, गैरआवासीय नेपाली सङ्घ र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज जस्ता संस्थाले नेपाली भाषा संरक्षण र विकासका लागि विभिन्न अभियान सञ्चालन गरिरहेका छन्। प्रवासी नेपालीका लागि भाषा सिकाउने कार्यक्रम सञ्चालन गर्दै आएका यी संस्थाले नेपाली भाषा प्रवर्धनलाई प्राथमिकतामा राख्नु पर्छ।

अन्तर्राष्ट्रिय नेपाली समाजले गोष्ठी, प्रतियोगिता, तथा साहित्यिक कार्यक्रम सञ्चालन गर्दै नेपाली भाषा तथा साहित्यलाई प्रवर्धन गरिरहेको छ। प्रवासी नेपालीलाई नेपाली भाषा सिकाउने अनलाइन कक्षा तथा साहित्यिक गोष्ठीमा पनि यसको भूमिका महत्वपूर्ण छ। गैरआवासीय नेपाली सङ्घले प्रवासी नेपाली समुदायलाई एकीकृत गर्दै भाषा तथा संस्कृतिको प्रवर्धन गर्न विभिन्न देशमा नेपाली भाषा पाठ्यक्रम सञ्चालन गर्दै आएको छ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले नेपाली भाषा र साहित्य प्रवर्धन गर्न साहित्यिक कार्यक्रम, पुस्तक प्रकाशन तथा डिजिटल अनुवाद कार्य सञ्चालन गर्दै आएको छ। प्रवासी नेपाली समुदायमा भाषा सिकाउने कक्षा सञ्चालन गर्न आवश्यक नीति निर्माण गरिनु पर्छ। यी संस्थाहरूले दीर्घकालीन योजना निर्माण गर्न सकेनन् भने, नेपाली भाषा प्रवासी नेपालीमाझ लोप हुने खतरा छ। तसर्थ, सरकारले प्रवासी नेपाली समुदायलाई नेपाली भाषा सिकाउन प्रेरित गर्ने नीति निर्माण गर्नु पर्छ।

नेपालमा शिक्षा प्रणालीमा सुधार गर्दै नेपाली भाषालाई अनिवार्य रूपमा लागु गर्नु आवश्यक छ। हाल नेपालमा अधिकांश निजी विद्यालयले अङ्ग्रेजी माध्यमलाई प्राथमिकता दिएका कारण विद्यार्थी नेपाली भाषाको लेखन, वाचन, तथा सम्प्रेषण क्षमतामा कमजोर बन्दै गएका छन्। उच्च शिक्षाका पाठ्यक्रमलाई नेपाली भाषामा अनुवाद गरिनु पर्छ। विज्ञान, प्रविधि, चिकित्सा, व्यवस्थापनलगायतका विषयमा नेपाली भाषाको पहुँच विस्तार गर्न आवश्यक छ।

सरकारी प्रशासनमा नेपाली भाषाको प्रयोग सीमित छ। सरकारी कार्यालयमा प्रशासनिक कागजात नेपाली भाषामा उपलब्ध गराइनु आवश्यक छ। कानुनी प्रक्रिया नेपाली भाषामा सञ्चालन गर्न आवश्यक छ ताकि सर्वसाधारण नागरिकलाई कानुनी प्रक्रिया बुझ्न सहज होस्। सरकारी वेबसाइटलाई नेपाली भाषामा सञ्चालन गर्न नीति निर्माण गर्नु पर्छ ताकि नागरिकले सरकारी सूचना सजिलै प्राप्त गर्न सकून्।

डिजिटल प्रविधिमा नेपाली भाषाको प्रभाव विस्तार गर्न आवश्यक छ। नेपाल सरकारले प्रविधि कम्पनीहरूसँग सहकार्य गरी डिजिटल प्लेटफर्महरूमा नेपाली भाषा समावेश गर्ने नीति ल्याउनु पर्छ। स्मार्टफोन, कम्प्युटर सफ्टवेयर, तथा एप्लिकेसन नेपाली भाषामा निर्माण गरिनु पर्छ। नेपाली भाषाका डिजिटल प्लेटफर्मलाई प्रवर्धन गर्न सरकारी सहयोग आवश्यक छ।

व्यापार तथा विज्ञापन क्षेत्रमा नेपाली भाषाको प्रयोग बढाउनुपर्ने आवश्यकता छ। बैङ्क तथा वित्तीय संस्थाले आफ्नो सेवा नेपाली भाषामा उपलब्ध गराउनु पर्छ। नेपालका व्यापारिक संस्थाले नेपाली भाषामा प्रचार सामग्री तयार गर्नु पर्छ, जसले गर्दा नेपाली भाषाको औपचारिक प्रयोग बढ्न सकोस्।

नेपाली भाषाको संरक्षण तथा प्रवर्धन गर्न शिक्षा, प्रशासन, प्रविधि, सञ्चार, तथा प्रवासी नेपाली समुदायमा विशेष ध्यान दिनु पर्छ। नेपाल सरकार, निजी क्षेत्र तथा नागरिक समाजले संयुक्त रूपमा नेपाली भाषालाई मजबुत बनाउने नीति अवलम्बन गर्नु पर्छ।

नेपाली भाषाको प्रयोग सरकारी कागजात, शिक्षा प्रणाली, डिजिटल प्लेटफर्म, तथा व्यापारिक क्षेत्रमा बढाइएन भने, भविष्यमा नेपाली भाषा कमजोर बन्ने खतरा रहन्छ। तसर्थ, नेपाली भाषालाई प्राथमिकतामा राख्दै यसको प्रवर्धन गर्न ठोस रणनीति निर्माण गर्न ढिलाइ गर्नु हुँदैन। भाषा सांस्कृतिक धरोहर, तथा सामाजिक एकताको आधार हो। यसको संरक्षण, प्रवर्धन, तथा विकास गर्न नेपाल सरकार, शिक्षण संस्थाहरू, प्रवासी नेपाली समुदाय, तथा आमनागरिकले संयुक्त रूपमा पहल गर्नु पर्छ।

हामीले समयमै उचित कदम नचाल्ने हो भने, नेपाली भाषा वैदेशिक भाषाहरूको अतिक्रमणबाट कमजोर बन्न सक्छ। शिक्षा प्रणालीमा नेपाली भाषालाई मजबुत बनाउन, सरकारी प्रशासनमा यसको प्रभावकारिता बढाउन तथा प्रविधि तथा व्यवसायमा यसको उपयोगिता उच्च बनाउन ठोस नीति आवश्यक छ।

नेपाल सरकार, गैरसरकारी संस्था तथा प्रवासी नेपाली समुदायले नेपाली भाषा प्रवर्धन गर्न ठोस रणनीति अवलम्बन गर्नु पर्छ। नेपाली भाषालाई शिक्षा, प्रशासन, प्रविधि तथा व्यापारमा समान अवसर प्रदान गरिएन भने, भविष्यमा नेपाली भाषा कमजोर बन्ने खतरा छ।

नेपालको नीति, तथा प्रशासनिक प्रक्रियामा नेपाली भाषालाई पहिलो प्राथमिकता दिन आवश्यक छ। डिजिटल प्लेटफर्म, गाडीका एम्बोस्ड नम्बरहरू, प्रविधि, तथा अन्तर्राष्ट्रिय तहमा नेपाली भाषाको विस्तार गर्न नेपाल सरकार, प्रवासी नेपाली समुदाय तथा नागरिक समाजले सक्रिय भूमिका खेल्नु पर्छ। गोपबाट

## पर्वत-रूपन्देही सेवा समाज देवदहको अधिवेशन




देवदह । पर्वत-रुपन्देही सेवा समाज देवदह नगर समितिको तेश्रो नगर अधिवेशन सम्पन्न भएको छ।

समाजको तेश्रो अधिवेशनले भिमलाल काफ्लेको अध्यक्षतामा २१ सदस्यीय नगर समिति गठन गरेको छ। जसमा वरिष्ठ उपाध्यक्षमा सूर्यकान्त रेग्मी, उपाध्यक्षमा राधाकृष्ण न्यौपाने, सचिवमा यमलाल शर्मा, सह-सचिवमा भगवती तिवारी, कोषाध्यक्षमा गोमा डुम्रे भुर्तेल सर्वसम्मत चयन भएका छन्। यसैगरी अधिवेशनले रामप्रसाद काफ्ले संयोजक, धना सापकोटा, खेमराज बस्याल सदस्य रहेको लेखा समिति गठन गरेको छ।

अधिवेशनलाई सम्बोधन गर्दै पर्वत-रुपन्देही सेवा समाजका केन्द्रीय अध्यक्ष रामकृष्ण शर्माले पर्वत-रुपन्देही सेवा समाजले समस्यामा परेकालाई सहयोग गर्दै आएको बताए। उनले सेवा समाज सामाजिक विकास भएकोले पर्वतेहरुलाई समस्या परेको बेला सहयोग गर्नुपर्नेमा जोड दिए। उनले रुपन्देहीको ११ वटा पालिकामा संगठन विस्तार गरेको भन्दै जिल्लाको हरेक टोल/टोलमा संगठन विस्तार गर्दै अगाडि बढ्ने बताए। उनले पर्वतको पहिचान स्थापित गर्ने गरी समाजले काम गरेको बताउँदै सोहीअनुसार नवनिर्वाचित समिति लाग्न आग्रह गरे।

पर्वत-रुपन्देही सेवा समाज देवदह नगर समितिका अध्यक्ष दिनानाथ सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा पर्वत-रुपन्देही सेवा समाजका वरिष्ठ उपाध्यक्ष लेखनाथ भट्टराई, महासचिव टेकराज शर्मा, जनप्रतिनिधि टिकाराम विक, समाजक सल्लाहकार बासुदेव रिमाल, गुरुङ्ग भाषाका अभियन्ता भिमप्रसाद तमु, गुनाखर भुर्तेल, शिवलाल भूषाललगायतले आ-आफ्ना भनाइ राखेका थिए।

कार्यक्रममा अध्यक्ष सापकोटाले वार्षिक प्रतिवेदनसँग आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। समाजका उपाध्यक्ष रामप्रसाद काफ्लेको स्वागत र सचिव टंकप्रसाद तिवारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# बढ्दै गएको चिसो पेयको लतः हरेक घुट्कीले घटाइरहेको छ आयु !

गर्मी बढ्दै छ र यससँगै चिसो पेय पदार्थहरूको खपत पनि तीव्र हुँदैछ। गर्मीको प्रभावले उकुसमुकुस बनाउँदा, एक गिलास टक्क चिसो पेयले छुट्टै सन्तुष्टि दिन सक्छ, जसलाई प्रायः 'चरम आनन्द आउँछ' भनेर व्यक्त गर्ने गरिन्छ।

हाम्रो समुदायमा चिसो पेय पदार्थको लोकप्रियता गर्मीसँग मात्र सीमित छैन। चाडपर्व, उत्सव, साथीको जन्मदिनमा मात्र नभई सराद्धेमा समेत कोक, पेप्सी, स्प्राइट र फ्यान्टा जस्ता पेयको खपत हुन्छ। कहिलेकाहिँ यस्तो लाग्छ कि यी पेय पदार्थहरू हाम्रो सामाजिक जीवनको हिस्सा बन्न पुगेका छन्। अवस्था यस्तो आइसक्यो, यी पेयलाई हाम्रो राष्ट्रिय पेय पदार्थको रूपमा घोसित गर्न मात्र बाँकी छ।

यो प्रवृत्ति केवल गर्मीसँग सम्बन्धित छैन, यसले हाम्रो समाजको संस्कृति र सामाजिक गतिविधिहरूसँग पनि गहिरो नाता बनाइसकेको छ।

तर, यो केही क्षणको सन्तुष्टिले जीवनभरको खुशी त छिन्दैन ?

चिसो भनेको सामान्य तरिकाले बुझ्ने हो भने चिनी, पानी अनि सोडा हो, जसमा थप स्वाद र रंग मिसाइन्छ। सोडाका कारण स्वास्थ्यमा थुप्रै असर पर्दछ जस्तै वजन बढ्नु, इन्सुलिन प्रतिरोध हुनु र रगतमा बोसोको अस्वस्थ स्तर बढ्नु। साथै सोडामा रहेको चिनी सजिलै शरीरमा अवशोषित हुने गर्दछ। किनभने यो मात्र चिनी र पानी हो। हालैका प्रमाणहरूले देखाएका छन् कि सोडा सेवनले आन्द्राको सूक्ष्मजीव समुदाय (गट माइक्रोबायोम) मा परिवर्तन ल्याउन सक्छ, जसले मधुमेहको जोखिम बढाउन सक्छ।

सेल मेटाबोलिजममा प्रकाशित भएको चिनीयुक्त पेय पदार्थको सेवन र मधुमेहको जोखिमसम्बन्धी अध्ययनका अनुसार जनावरहरूमा गरिएको अनुसन्धानले देखाएको छ कि सोडामा पाइने प्रमुख चिनीहरू- फ्रुक्टोज र ग्लुकोज-को सेवन निम्नसँग सम्बन्धित छः

- आन्द्राको ब्याक्टेरियाको विविधता घट्नु, जुन अस्वस्थ सूक्ष्मजीव समुदायको संकेत हो।
- छोटो शृंखलाका फ्याटी एसिडको स्तर घट्नु, जसलाई 'राम्रा' आन्द्राका ब्याक्टेरियाले उत्पादन गर्छन् र समग्र स्वास्थ्यलाई समर्थन गर्छन्।
- सुन्नाई सँग सम्बन्धित ब्याक्टेरियाको मात्रा बढ्नु।

यसैगरी, जुलिया बइस्नर र समुहले १२ महिलामा गरेका एक सानो अध्ययनले देखाएको छ कि उच्च फ्रुक्टोजको सेवनले ब्युटिरेट नामक छोटो शृंखलाको फ्याटी एसिड उत्पादन गर्ने 'राम्रा' ब्याक्टेरियाको संख्या घटाउन सक्छ।

स्टिना राम्ने र उनका समुहले गरेको अध्ययनले पनि चिनीयुक्त पेय पदार्थहरूको र सोडाको सेवनले आन्द्राको सूक्ष्मजीव समुदायमा हानिकारक परिवर्तन ल्याउन सक्ने दर्शाएका छन्।

यसैगरी, ताओ यान र समूहले गरेका चिनियाँ अध्ययनको निष्कर्ष छ- जो व्यक्तिहरूले सोडा पिए, तिनीहरूको रगतमा केही ब्याक्टेरियल मेटाबोलाइटहरू पाइएका छन्, जसले स्वास्थ्यमा हानी पुऱ्याउँछ।

तर, हालै भएको अध्ययन पहिलो हो जसले सोडा सेवन, आन्द्राको सूक्ष्मजीव समुदाय, रगतमा ब्याक्टेरियल मेटाबोलाइटहरू र टाइप २ मधुमेहको जोखिमबिचको सम्बन्धको अनुसन्धान गरेको छ। सेल मेटाबोलिजममा प्रकाशित भएको एक नयाँ अध्ययनको निष्कर्षअनुसार चिनीयुक्त पेय पदार्थको सेवन आन्द्राको सूक्ष्मजीव समुदायमा ९ विशेष ब्याक्टेरियाको स्तरको वृद्धिसँग सम्बन्धित छ।

जब यी सूक्ष्मजीवहरूले खाना पचाउँछन्, तिनीहरूले केही कम्पाउण्डहरू वा मेटाबोलाइटहरू उत्पादन गर्दछन्। वैज्ञानिकहरूका अनुसार यी रासायनिक तत्वहरूले टाइप २ मधुमेहको जोखिम बढाउँछन्। रगतमा चिनीको उच्चस्तरसँगै उच्च बि.एम.आइ र राम्रो कोलेस्टेरोलको मात्रा पनि कम गराउँछन्।

सोडाले टाइप २ मधुमेहको जोखिम बढाउँछ। त्यसैले यसलाई सकेसम्म नियन्त्रण गर्नुपर्छ र जोड दिन हुँदैन। यदि तपाईंलाई चिसो पेय पदार्थको तलतल भइरहेको छ भने, पानी सधैं उत्तम विकल्प हुन्छ। तर, यदि तपाईंलाई फिज्जी पेयको चाहना छ भने, कम चिनी भएको स्पार्कलिङ पानी प्रायः राम्रो विकल्प हो।

चिसो पेयको मोह छुट्टै छ, गर्मी होस् या चाडपर्व, बिना कुनै सोच-विचार झन्-झन् गिलास भरिँदै छ! अब रोजाइ तपाईंको हो– क्षणिक चिसोपनको मज्जा कि दीर्घकालीन स्वास्थ्य ? कि अझैं पनि 'एउटा बोटलले के नै बिगार्ला र ?' भन्ने मानसिकता राख्ने ? सोच्नुहोस्, शरीरले हरेक घुट्कोमा मूल्य चुकाइरहेको छ। आजैदेखि नै सचेत हुनुहोस्।

स्वास्थ्य खबरबाट

**लगानीका...**

सुस्त कारोबारलाई चलायमान बनाउने उद्देश्यले घर जग्गा व्यवसायी संघले अधिवेशनका अवसर पारेर भैरहवामा मुलुकभरका लगानीकर्ताको भेला आयोजना गरेको हो । साधारणसभा तथा अधिवेशनमा काठमाडौं, पोखरा, चितवन, बिराटनगर लगायत ठूला सहरबाट घरजग्गा व्यवसायी भेला भएका थिए । उनीहरुले रुपन्देहीलगायत लुम्बिनीका जिल्लामा लगानी सम्भावनाबारे छलफल गरेका व्यवसायी नारायणप्रसाद भण्डारीले बताए ।

घरजग्गा व्यावसायी संघ रुपन्देहीका अध्यक्ष दशरथ पौडेलले जिल्लामा लगानीको वातावरण अनुकुल रहेको जानकारी दिन भेला आयोजना गरिएको बताए । जिल्ला संघलाई सक्रिया तुल्याएर यहाँका लगानी सम्भावनाको प्रचार गर्ने र लगानीकर्ता आकर्षिक गर्न अधिवेशनसँगै मुलुकभरका व्यवसायीको जमघट आयोजना गरिएको उनले बताए । अधिवेशनको उद्घाटन सत्रमा जिल्लाका लगानी सम्भावना समेटिएको बृत्तचित्र समेत प्रदर्शन गरिएको थियो । कार्यक्रममा रुपन्देहीको घरजग्गा व्यवसायमा योगदान पुर्याउने व्यक्तिलाई सम्मान गरिएको थियो ।

जिल्ला संघको अधिवेशनभन्दा अगाडि शुक्रबार साँझ यहाँ बसेको घरजग्गा व्यावसायी महासंघ केन्द्रिय समितिको बैठकले व्यावसायीबाट एक-एक लाख रुपैयाँ संकलन गरेर इन्भेष्टमेन्ट कम्पनी खडा गर्ने निर्णय समेत गरेका छन् । अन्य क्षेत्रका व्यवसायी मौन रहेका बेला रुपन्देहीले आर्थिक चहलपहल हुनेगरि व्यावसायीको भेला आयोजना गरेको संघका महासचिव धीरज घिमिरेले बताए ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेल, सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्यलगायतले बोल्दै रुपन्देहीमा गरिएको लगानी खेर नजाने बताए । उनीहरुले यहाँ गर्ने हरेक लगानीको सुरक्षा र व्यवसायिक सहजताका लागि आफूहरुले सबै किसिमको सहयोग गर्ने विश्वास दिलाए । सुस्ताएको आर्थिक अवस्थालाई चलायमान बनाउन सबै लाग्नुपर्नेमा उनीहरुको जोड थियो ।

मुलुकमा लामो समयदेखिको आर्थिक रुपमा प्रतिकुल अवस्थालाई सामान्य तुल्याउन अधिवेशन सफल हुने विश्वास गरिएको छ । कार्यक्रममा मुलुकका करिब ३० जना ठूला लगानीकर्ता र जिल्लाभित्रका २ सय हाराहारी घरजग्गा व्यवसायी तथा उद्योगी व्यवसायी सहभागी थिए ।

**कुशासन...**

यस्तै कार्यक्रममा नेकपा एकिकृत समाजवादीका उपमहासचिव मेटमणी चौधरीले संविधानको रक्षाका लागि आफूहरुले एमालेबाट विद्रोह गरेको बताए । उनले अहिलेको राजनीति पनि आफूहरुको पार्टीकै वरिपरि घुमेको बताए । यस्तै सचिव तथा पूर्वमन्त्री सोमप्रसाद पाण्डेयले नेपाली विशेषताको समाजवादको कार्यक्रम ल्याउने पहिलो पार्टी नै आफूहरुको भएको बताए ।

उनले नेपाली विशेषताको समाजवादको कार्यक्रम, त्यसबाट समृद्धि र कम्यूनिष्ट एकताको कुरा गरेको बताए ।

अधिवेशन उद्घाटन सत्रमा नेकपा एकिकृत समाजवादीका पोलिटब्यूरो सदस्यहरु नन्दलाल बन्जाडे, रमा घर्ती, अब्दुल खाँन, केन्द्रीय सदस्य लक्ष्मी भुसाल, मोहम्मद अब्दुलले आफूहरुको एजेन्डा ठिक भएकाले एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए ।

यस्तै कार्यक्रममा नेकपा मालेका स्थायी कमिटी सदस्य गोपालमणि भट्टराई, पूर्व सांसद रामचन्द्र भट्टराई, नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरे, नेकपा माओवादी केन्द्र रुपन्देहीका संयोजक निर्मल जिसि, नेकपा रुपन्देहीका अध्यक्ष शरद वली, राष्ट्रिय जनमोर्चा रुपन्देही अध्यक्ष टानबहादुर केसी, रास्वपा रुपन्देही सचिव विष्णुप्रसाद पैाडेललगायतले बोल्दै अधिवेशन सफलताको शूभकामना दिएका थिए ।

समाजवादीको शनिबार उद्घाटन सत्र र आइतबार बन्दसत्र हुने कार्यबाहक अध्यक्ष श्रीराम यादवले जानकारी दिए । आइतबार बन्दसत्रमा सांगठिकलगायतका विभिन्न प्रतिवेदन र प्रस्तावहरुमाथि छलफल गरी नयाँ नेतृत्व चयन गर्ने उपसचिव टंक पोखेलले बताए ।

**राज्यको...**

'विभिन्न करका भार मात्रै थोपर्ने तर व्यवसायीलाई सहज नीति नबन्दा हैरानी भोगिरहेका छौं ।'-उनले भने । उनले ओभरलोड बोकेर आउने भारतीय मालबाहक ट्रक नेपाली व्यवसायीहरुका लागि चुनौती बन्दा समेत संघ र प्रदशे सरकारले वास्ता नगरेको गुनासो गरे ।

लुम्बिनी ट्रक यातायात व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद खरेलले भारतीय ट्रकले बोकेर ल्याएको ओभरलोड सामान भन्सार विन्दुमै नियन्त्रण गर्नुपर्ने माग गरे । आर्थिक मन्दी, भाडा निर्धारण अव्यवहारिक हुँदा ट्रक व्यवसायीहरुको दयनीय स्थिती बन्दै गएको उनले बताए ।

सरकारले भाडा दर तोके पनि ७२ घण्टे पुर्जीसहितको भारतिय गाडीले सो कार्यान्वयन नहुदा धरासायी हुँदै गएको ट्रक व्यवसायी महासंघका कोषाध्यक्ष ओमकृष्ण कार्कीले जानकारी दिए ।

व्यवसायीलाई संरक्षण गर्नुको साटो कर मात्रै असुल्ने गरेको व्यवसायीहरुले उनले जनाए ।

नारायणी यातायात प्रालिका अध्यक्ष गोकर्ण पराजुलीले देशमा १९ वटा धर्मकाटा महासंघले स्थापना गरेपनि तौल पुललाई व्यवस्थित गर्न राज्य उदासिन रहेको बताए ।

ट्रक व्यवसायीले आलो पालो गरेर ट्रक चलाउँदा सिण्डीकेट भन्ने तर छड सिमेन्टमा अस्वभाविक रुपमा मूल्य बढ्दा सिण्डीकेट नहुने भन्दै राज्यको ट्रक व्यवसाय प्रति हेर्ने दृष्टि नै सकारात्मक नरहेको उनले बताए ।

सुरक्षित यात्रा नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बेल्बासेले यातायात क्षेत्रलाई मर्यादित बनाउनृ तर्फ अग्रसर हुन आग्रह गरे ।

महासंघका महासचिव राजेन्द्र विक्रम बानियाले राज्यले पार्किङ्, सडक पूर्वाधारको विषयमा गम्भीर नभएको बताए । उनले नेपालका १३ हजार ट्रक डिजिटलाइज भएको, भ्याटमा गएर व्यवसाय गर्दा समेत राज्यले पञ्जीकरण नगरी अञ्चलस्तरमै नामाकरण गरिरहेको जनाए । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले ट्रक व्यवासायीका माग सम्बोधन गर्नुपर्ने बताए ।

**लुम्बिनीकर्मी सम्मानित**

लुम्बिनी ट्रक यातायात व्यवसायी संघले दैनिक लुम्बिनीका भैरहवा संवाददाता मोहम्मद हबिबलाई नगदसहित सम्मान गरेको छ । संघको १३औं वार्षिक साधारणसभा तथा ६औं अधिवेशनको अवसपारेर सिद्धार्थनगरको समग्र विकासमा सकारात्मक तथा प्रभावकारी ढंगले संघको गतिविधि तथा समस्यालाई आम जनमानसमा समाचारका माध्यमबाट सहयोग पुऱ्याएको भन्दै पुरस्कृत गरेको हो । १३ वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशिल रहेका उनलाई लुम्बिनी प्रदेशका उद्योग पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने, संघका अध्यक्ष विष्णुप्रसाद खरेलगायतले दोसल्लासहित सम्मान गरेका थिए ।

यस्तै संघले पत्रकार पुनहरि बेल्बासे, कर्मचारी सुजन पण्डित, अकलेश कुर्मी, सरस्वती ज्ञवाली र दुर्घटना नगराई कुशल चालक युवराज क्षेत्री र मनोज चौधरीलाई पनि नगद सहित सम्मान गरेको थियो ।

**अध्यक्षमा गौतम निर्वाचित**

लुम्बिनी ट्रक यातायात व्यवसायी संघ रुपन्देहीको ६औं अधिवेशनबाट रुमाखर गौतमको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ ।

संघको शुक्रबार भएको अधिवेशनबाट प्रथम उपाध्यक्ष अमित थापा, सचिव लिला प्रसाद श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् ।

वरिष्ठ उपाध्यक्ष पदका लागि मधुसुदन आचार्य र सुरेन्द्र कुमार पटेल, उपाध्यक्ष पदका लागि बसन्तराज भट्टराई, झबिन्द्रबहादुर चोखाल, महासचिव पदका लागि विष्णुप्रसाद सुवेदी, बालकिसुन गुप्ता र सन्तराम पाण्डे, कोषाध्यक्ष पदका लागि वैजनाथ यादव र रविन खरेलबीच चुनाव भएको छ ।

यस्तै ५ जना कार्यसमिति सदस्यको लागि १५ जनाबीच चुनाव भएको प्रमुख निर्वाचन अधिकृत शेषमणि पोखरेलले जानकारी दिए ।

# वर्तमान राजनीति संकटका बारेमा अन्तर्क्रिया

बुटवल । वर्तमान संकटग्रस्त राजनीतिक अव्यवस्थाका बारेमा बुटवलमा सर्वपक्षीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । विभिन्न राजनीति दल, संघ संस्था, नागरिक समाजका अगुवाहरुको उक्त अन्तर्क्रियामा सहभागिता रहेको थियो ।

मार्क्सवादी विचार मञ्चका अध्यक्ष युवाराज पन्थिले अहिले देशको राजनीति संकटग्रस्त अवस्थामा छ । प्रतिगामी शक्तिहरुको सकृयता बढ्दो छ । यस्तो हुनुमा यो व्यवस्थाका शाशकदलहरु जिम्मेवार छन् । अब देश यथास्थितिमा रहन्छ वा पश्चगमनतर्फ धकेलिने हो भन्ने विकल्प खडा भएका छन् । देशभक्त गणतन्त्रवादीहरुको कर्तव्य देशलाई अग्रगमनतर्फ लैजाने पहलकदमी उठाउनु पर्ने हुन्छ भन्दै अग्रगामी शक्तिहरु एकाकार हुनुपर्ने कुरामा जोड दिएका थिए ।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य सन्तबहादुर नेपालीले वर्तमान अवस्थामा राजा ज्ञानेन्द्रको राजनीति वक्तव्य र सोहीअनुरुपको सकृयतालाई सामान्यरुपमा लिन नहुने बताएका थिए । उनले भने-'अहिले शासनमा रहेका दलहरुको कृयाकलापबाट नेपाली जनता असन्तुष्ट छन्, बाह्य शक्तिले पनि नेपालमाथि आफू अनुकुलको स्वार्थ लाद्न चाहन्छन् । यस्तो परिवेशमा राजावादीको सकृयता बढ्नु र जनताको उल्लेख्य सहभागिता देखिनु लोकतान्त्रिक गणतन्त्रका लागि चुनौती हो ।

यस्तो चुनौतीलाई परास्त गर्दै मुलुकलाई यथास्थितिको चङ्गुलबाट अग्रगमनतर्फ अघि बढ्नु अबको निकास हो ।'

कार्यक्रमा वरिष्ठ लेखक तथा मार्क्सवादी चिन्तक विनबहादुर कुँवरले आजको संकटग्रस्त राजनीति परस्थिति यथास्थितिवादी, प्रतिगामी र अग्रगमनबिचको द्वन्द्व चर्किएको अवस्थामा देश यथास्थितिमा रहिरहन नसक्ने भएकोले पश्चगमन जनताका लागि स्वीकार्य नभएको बताए ।

उनले जनगणतन्त्र स्थापना नै अबको निकास हो भन्ने विचार व्यक्त गरेका थिए ।

कार्यक्रममा उच्च अदालत बुटवल बारका अध्यक्ष गोविन्दप्रसाद मरासिनी, अधिवक्ता ज्ञानु केसी, कम्युनिष्ट संग्रहालयका अध्यक्ष चेतनारायण आचार्य, एमालेका जिल्ला कमिटी उप-सचिव बावुराम पन्थी, नेकपा एकीकृत समाजवादीका सिद्धिचरण भट्टराई, नेकपा रुपन्देहीका अध्यक्ष वीरेन्द्र सि, रा.स्व.पा. रुपन्देही जिल्ला अध्यक्ष सुदन ज्ञवाली, बामपंथी नेता पुरुषोत्तम कंडेल, नेकपा मसालका लालचन्द्र पन्त, बामपंथी नेता विनोद उपाध्याय, नागरिक अगुवा टुकराज पाण्डेलगायतले आ-आफ्नो विचार राखेका थिए ।

कार्यक्रम राष्ट्रिय स्वाधीनताका लागि नागरिक मञ्चका पदम कार्कीको अध्यक्षता, ऋषि आजादको स्वागत र समुन्द्र जिसिको सञ्चालनमा सम्पन्न भएको थियो ।

» *भिम कार्की ( प्रशिक्षार्थी )*


## हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

# बोलपत्र आव्हानको सुचना

( पहिलो पटक सुचना प्रकाशित मिति २०८१/१२/१० गते)

हिलिहाङ गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए वमोजिमको खरिद कार्य गर्नूपर्न भएकाले नेपाल सरकारबाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक फर्महरुवाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फारम खरिद गर्न इच्छुक निर्माण फर्महरु आ.व. २०८१/०८२ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०८० /०८१ सम्मको कर चुक्ता को प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि सहित www.bolpatragov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी पेश गर्न सकिने छ ।

२. बोलपत्र साथ जमानत बापतको रकम हिमालयन बैंक लिमिटेड, हिलिहाङ गोपेटार शाखाको HILIHANG GA.3STHA.TAHA DHARO KHAT नामको धरौटी खाता नम्बर २६३५११८२२४००१५ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानत पत्र समावेश भएको हुनु पर्नेछ । बोलपत्र खरिदको लागि हिमालयन बैंक लिमिटेड, हिलिहाङ गोपेटार शाखाको HILIHANG GA–1–1 ANTARIK RAJASWO नामको खाता नम्बर २६३५११८२२४०१७१ मा नगद रकम दाखिला गरि बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएको बोलपत्र को हकमा यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले ३१ औ दिन वा ई बिडिङ्ग मा उल्लेख भए बमोजिम बोलपत्र अन्तिम दिनको तोकिएको समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेभसाइट www.bolpatragov.np/egp बाट भर्न सकिने छ । विस्तृत विवरण टेण्डर फारमसंग संग्लल छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. रकम भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र फारम दस्तुर | टेण्डर पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/GOODS/081/082/01 | Procurement of Agriculture lab Goods For Sirjunga Ma.Bi.gopetar. | २३,०७,२८६.०० | ७५,०००.०० | ३०००.०० | २३-०४-२०२५ (इ.सं) | |

नि. प्रमूख प्रशासकीय अधिकृत



## Lumbini Province Government
## Soil and Watershed Management office,
Arghakhanchi.

# Invitation for Bids

Date of Publication: -23th march 2025 (2081/12/10)
Notice Number: - 04/2081-082

Soil and Watershed management office, Arghakhanchi invites electronic bids from eligible bidders under PPMO'S e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO, e-GP system www.bolpatra.gov.np/egp.Information to Deposit the cost of bidding document inBank:

Name of the Bank: - Rastriya Banijya Bank Ltd, Sandhikharka, Arghakhanchi,
Name of the office:- Soil and Watershed Management Office,Sandhikharka, ArghakhanchiOffice Code No: - 3290151025 (Dharauti and Rajaswa),
Revenue TitleNo: - 14229; Revenue Account No: -1000100200010000,Cash Deposit Account No. for Bid Security: -3050100202030000,
Last Date of Bid Purchase and Submission of SQ: - 2025/04/07( 2081-12-25)Time 12:00 AM,

| S.N. | Contract No | Name of Project | Estimated Amount (Exclusive VAT & PS) | Price of Bid Document NRs. | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SWMO /ARGHA/ WORKS/SQ-52 /2081-082 | Tarikepani Bhatgaun Recharge pokhari, Sitganga-13, Arghakhanchi. | 4,24,443.77 | 1000 | 11000 | |
| 2 | SWMO/ ARGHA/ WORKS/SQ-53 /2081-82 | Gaira Dharapani Pokhari Nirman, Sa.na.pa.-10, Arghakhanchi. | 4,20,132.25 | 1000 | 11000 | |
| 3 | SWMO / GULMI/ WORKS/SQ-54 /2081-082 | Badighat Nadi Tatbandh, Gulmidarbar-01, Gulmi. | 8,50,066.57 | 1000 | 23000 | |
| 4 | SWMO / GULMI/ WORKS/SQ-55/2081-082 | Tallo Kapase Chaur Tatbandha, Resunga-06, Gulmi. | 8,47,326.33 | 1000 | 23000 | |
| 5 | SWMO / GULMI/ WORKS/SQ-56/2081-082 | Barabisey Sanimure Tatbandh, Gulmidarbar-05, Gulmi. | 8,49,718.94 | 1000 | 23000 | |
| 6 | SWMO /GULMI/ WORKS/SQ-57 /2081-082 | Khal Khanepani muhan Sanrakshan, Dhurkot-01, Gulmi. | 8,49,579.62 | 1000 | 23000 | |
| 7 | SWMO /GULMI/ WORKS/SQ-58 /2081-082 | Jolte Pokhari to Sensera Bhu-kshya Niyantran, Satyabati-8, dabung,Gulmi. | 858,087.58 | 1000 | 23000 | |

Office Incharge



## Baganaskali Rural Municipality
## Office of Rural Executive
Chirtungdhara, Palpa

# Invitation for Online Bids

Date of publication: 2081/12/10 (Mar,23,2025)

Baganaskali Rural Municipality Office, Chirtungdhara Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under NCB system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Nepal Bank Ltd., Palpa
Name of the Office: Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa
Bank details for Bid Document (If Cash deposit) : Nepal Bank, Limited Palpa,
Antarik Rajaswa Account No.: 01703000001001000001
Bid Validity Period: 120 days
Bank details for Bid security ( If Cash deposit) :Nepal Bank, Limited Palpa,
Dharauti Khata A/C no. 01703000003000000001

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| BRM/PLP/W/NCB/10/2081-082 | Ward No 6 Ma Adharbhut Swastha Sewa Kendra Bhavan Nerman. | 4499286.24 | 3000.00 | 113000.00 | 2082/01/08 12.00 Pm (Apr,21,2025) |

Chief Administrative Officer
Baganaskali Rural Municipality



# ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



# ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**मकै गोडमेल गर्दै किसानः**

लमही नगरपालिका-६ देउपुरका किसान मकै गोडमेल गर्दै किसान। सिँचाइ सुविधा भएकाले यहाँका किसानले वर्षमा तीन बाली (हिउँदे, बर्खे र वसन्ते) मा मकै लगाउने गरेको बताउँछन्। तस्विरः रञ्जिता अधिकारी/रासस

# तिलोत्तमा गोल्डकपको उद्घाटन खेल हावाहुरीले स्थगित



बुटवल । शनिबारदेखि सुरु भएका २३औँ तिलोत्तमा गोल्ड कप नकआउट फुटबल प्रतियोगिताको उद्घाटन खेल हावाहुरीका कारण स्थगित भएको छ।

एन्फा टेक्निकल सेन्टरको मैदानमा शनिबार दिउँसो सशस्त्र प्रहरीको एपीएफ क्लब र आयोजक रुपन्देही ११ बिच भएको खेल मध्यान्तरपछि ६ मिनेट खेलेर स्थगित भएको हो। निक्कै प्रतिस्पर्धात्मक खेलमा पहिलो हाफको १७औं मिनेटमा एपीएफका हरि कार्कीले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए।

दोस्रो हाफ सुरु भएसँगै हावाहुरीले खेल्न असहज भएपछि खेल स्थगित गर्ने निर्णय भएको जिल्ला फुटबल संघ रुपन्देहीका अध्यक्ष लोक पुनले बताए। स्थगित खेल आइतबार बिहान ८ बजे सुरु हुने उनले जानकारी दिए।

आइतबार दिउँसो चर्च ब्वायज युनाइटेड ललितपुर र नेपाल पुलिस क्लब, काठमाडौंका बिच दोस्रो खेल हुने संघका महासचिव हिमाल गौचनले जानकारी दिए।

प्रतियोगिताको बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेले उद्घाटन गरेका थिए। उनले बुटवल उपमहानगरले खेलकदमा ठूलो वजेट दिने गरेको बताए।

कार्यक्रममा अखिल नेपाल फुटबल संघका निवर्तमान अध्यक्ष कर्मा छिरिङले तिलोत्तमा गोल्डकपलाई थप परिस्कृत रुपमा लैजान आग्रह गरे। रात्रिकालिन प्रतियोगिता आयोजना हुने गरी फ्लडलाइट जडान गर्न जरूरी रहेको उनले सुझाए। एन्फाका केन्द्रीय उपाध्यक्ष दीर्घबहादुर केसी, नगर खेलकुद विकास समितिका संयोजक बोनिन पियाले तिलोत्तमा गोल्डकप नेपालका क श्रेणीका ४ वटा गोल्डकप मध्येको एउटा गोल्डकप भएको बताए।

चैत १६ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमले नगद १२ लाख १२ हजार र उपविजेता टिमले ६ लाख, ६६ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्।

यस्तै विधागत उत्कृष्ट खेलाडीहरुलाई गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड र प्रशिक्षकलाई नगद ३१ हजार र कप तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल उपहार प्रदान गरिने प्रतियोगिताका सह-संयोजक सुजन पुनले बताए।

प्रतियोगितामा भारतका दुई र नेपालका दुई विभागीयसहित ८ टिमले भाग लिएका छन्।

# तेस्रो राष्ट्रिय ब्याडमिन्टनको मेन्स सिंगल र डबलको उपाधि एपीएफको पोल्टामा




बुटवल । बुटवल ब्याडमिन्टन क्लबद्वारा आयोजित तेस्रो राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा मेन्स सिंगल र मेन्स डबलको उपाधि ए.पी.एफ क्लबको पोल्टामा परेको छ। मेन्स सिंगलतर्फ राष्ट्रिय र्‍याङकिङ खेलाडी प्रिन्स दाहालले ए.पि.एफ. कै क्षितिज खनाललाई हराउँदै उपाधि जितेका हुन्।

त्यस्तै मेन्स सिंगलतर्फ आर्मीका हिमाल चन्द र ए.पि.एफ.का देवराज राना तृतीय भएका छन्। त्यस्तै मेन्स डबल तर्फ ए.पि.एफ.का भोजबहादुर गुरुङ्ग र प्रनिश सिंह ठकुरीले उपाधि जितेका छन्। उनीहरुले लाफा ब्याडमिन्टन क्लबका बलराम क्षेत्री र विवेक न्यौपानेलाई हराउदै उपाधि जितेका हुन्। मेन्स डबलतर्फको तृतीय आर्मीका प्रविन लिङ्गथेप र विधान अधिकारी तथा हिमाल चन्द र सन्तोष पनेरु भएका छन्। भेट्रान्स ४५ वर्ष माथिको खेलमा लाफा ब्याडमिन्टन क्लबका राजु गुरुङ्ग र सुदिप योञ्जनको टिमले तिलोत्तमा ब्याडमिन्टन क्लवका बुद्धि चौधरी र डिलबहादुर कन्डवालाई हराउँदै उपाधि जितेका हुन्।

प्रतियोगितामा न्यू लम्बिनी क्लवका बलराम पन्थी र खगेन्द्र तथा तण्डेरी ब्याडमिन्टन क्लबका प्रेम गुरुङ्ग र विष्णु लाल श्रेष्ठ तृतीय भएका छन्। त्यस्तै सुपर भेट्रान्स ५५ वर्ष माथिकोमा अनिल लाखे र शम्भुकुमार श्रेष्ठले कास्कीका राजु गुप्ता र राजेन्द्र वाग्लेलाई हराउँदै उपाधि जिते। प्रतियोगितामा बुटवल ब्याडमिन्टन क्लबका दिलिप गौचन र महेश नेपाल तथा पि.एस.बि.सी.का रवी होना र इन्द्र थापाको टिम तृतीय भएको छ। प्रतियोगिताको मास्टर भेट्रान्स ६० वर्ष माथिकोमा तण्डेरी ब्याडमिन्टन क्लवका प्रेमप्रसाद गुरुङ्ग र विष्णु लाल श्रेष्ठको जोडीले तण्डेरी ब्याडमिन्टन क्लवका डिल पुन र श्याम कृष्ण श्रेष्ठलाई हराउँदै उपाधि जिते।

प्रतियोगितामा काठमाडौँका पूर्णचन्द्र जोशी र सुरेशचन्द्र श्रेष्ठ तथा भैरहवाका गणेश क्षेत्री र महेन्द्र श्रेष्ठको जोडी तृतीय भएका हुन्। प्रतियोगितामा मेन्स सिंगल र मेन्स डबलतर्फ विजेता उप विजेता र तृतीय हुनेले कमशः पचास हजार, तीस हजार र दश हजार नगदसहित मेडल प्रमाण पत्र पुरस्कार प्राप्त गरेका छन्।

भेट्रान्स ४५ वर्ष माथिकोमा विजेता उप विजेता र तृतीय हुनेले कमशः चालिस हजार, तीस हजार र दश हजार नगदसहित मेडल प्रमाण पत्र पुरस्कार प्राप्त गरेका छन्। सुपर भेट्रान्स ५५ वर्ष माथिकोमा विजेता उप-विजेता र तृतिय हुनेले कमशः पच्चीस हजार, पन्ध्र हजार र पाँच हजार नगदसहित मेडल प्रमाण पत्र पुरस्कार प्राप्त गरेका छन्।

मास्टर भेट्रान्स ६० वर्ष माथिका विजेता उप-विजेता र तृतीय हुनेले कमशः पन्ध्र हजार, दश हजार र पाँच हजार नगदसहित मेडल प्रमाण पत्र पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगितामा विजेता तथा उप विजेतालाई बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डे, क्लबका अध्यक्ष पंकज किशोर ज्ञवाली, कार्यक्रम संयोजक शम्भु भट्टराई, सह- संयोजक बालदर गोदार, सचिव भानु खत्री, कोषाध्यक्ष राजु खरेल, क्लबका पूर्व अध्यक्षलगायतले पुरस्कार प्रदान गरेका थिए।

# प्यूठान नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गर्दै



**राधिका भुसाल**
*प्यूठान*

प्यूठान नगरपालिका प्यूठानले नयाँ शैक्षिक सत्र २०८२ देखि स्थानिय पाठ्यक्रम लागू गर्ने भएको छ। नगरपालिकाले नगर क्षेत्रभित्रका १ देखि ८ कक्षासम्मका विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम हाम्रो प्यूठान नगरपालिका नामक पाठ्यक्रम पढाउने भएको हो।

नगरपालिकाको आयोजनामा शनिबार स्थानीय पाठ्यक्रमको प्रारम्भिक मस्यौदा उपर सुझाव संकलन कार्यक्रम गरेको छ। कार्यक्रममा नगर क्षेत्रभित्रका शैक्षिक सरोकार राख्ने व्यक्तित्व, पूर्व शिक्षकलगायतका शिक्षाप्रेमी जनसमुदायहरुको उपस्थिति रहेको थियो। पाठ्यक्रममा प्यूठान नगरपालिकाभित्रको भौगोलिक अवस्था, जातजाति विशेष चाडपर्व तथा पोशाकहरु, ऐतिहासिक स्थलहरु, धार्मिक तथा पर्यटकीय स्थलहरुलगायतका महत्वपूर्ण विषयहरु समेटेर स्थानीय पाठ्यक्रम हाम्रो प्यूठान नगरपालिका प्रकाशनमा ल्याउन थालिएको प्यूठान नगरपालिकाका नगर प्रमुख विष्णु योगीले बताए।

नगरपालिकाभित्रका बालबालिकालाई विशेष गरी स्थानीय सरकारको महत्व र स्थानीय पहिचानबारे बुझाउनको लागि विद्यालयहरुमा नयाँ शैक्षिक सत्र २०८२ देखि स्थानीय पाठ्यक्रम पढाउन थालिएको उनको भनाइ छ।

पाठ्यक्रमको मस्यौदा तयार भइसकेको र सुझाव संकलनको प्रक्रियामा रहेका प्यूठान नगरपालिकाका शिक्षा शाखा प्रमुख बासुदेव पण्डितले बताए।

'१५ दिनभित्र सुझावहरु समेटेर फाइनल पाठ्यक्रम तयार गरी छपाइमा लैजाने छौं,' शिक्षा शाखा प्रमुख पण्डितले भने-'सबै विद्यालयमा पाठ्यक्रम पुऱ्याएर शिक्षकहरुलाई तालिम दिएर पठपाठन सुरुवात गरिनेछ।'

यस शैक्षिक सत्रमा विद्यालय र शिक्षकहरुलाई मात्र पाठ्यपुस्तक उपलब्ध गराउने भएता पनि आगामी आर्थिक वर्षदेखि विद्यार्थीहरुलाई पनि पाठ्यपुस्तक उपलब्ध गराइने उनले जानकारी दिए।

# स्वर्णकार क्रिकेट प्रतियोगिता हुने

भैरहवा। २०४८ सालमा सुरुवात भएको स्वर्णकार क्रिकेट प्रतियोगिता यस वर्षदेखि निरन्तर हुने भएको छ।

रुपन्देहीका युवा सुनचाँदी व्यवसायीहरुले सुरुवात गरेको यो प्रतियोगिता करिब ३ दशकपछि पुस्तान्तरण हुँदै विश्वकर्मा युवा समाजको आयोजनामा हुन लागेको हो।

जिल्लामा क्रिकेट खेलको विकाससँगै युवाहरुमा खेलप्रति उत्सुकता जगाउँदै एक अर्कामा सम्बन्ध प्रगाढ गर्ने उद्देश्यका साथ प्रेमकुमार सेञ्चुरी, श्यामकुमार सुनार र डम्बरलाल रामदामलगायतको सक्रियतामा २०४८ सालबाट सुरुवात भएको थियो। सुनचाँदीमामात्रै सीमित नरही छरिएर रहेका समाजका युवाहरुलाई एकजुट बनाउने उद्देश्यसहित प्रतियोगिताको आयोजना गर्न लागिएको छ।

२०५३ सालसम्म निरन्तर भएको स्वर्णकार क्रिकेट प्रतियोगिता यस वर्षदेखि निरन्तर गर्ने अठोटका साथ १२ टिमको सहभागितामा प्रतियोगिता आयोजना हुन लागेको छ। विश्कर्मा युवा समाजको नेतृत्वमा यस वर्ष चैत्र ३० गते शनिबारको दिन स्वर्णकार सुपर सिक्स क्रिकेट प्रतियोगिता गर्न लागिएको समाजको अध्यक्ष अमित सेन्चुरीले जानकारी दिए।

रुपन्देहीका विभिन्न क्षेत्रबाट विश्वकर्मा समाजका युवाहरुको सहभागितामा १२ टिमको सहभागितामा सुपर सिक्स प्रतियोगिता भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा गर्न लागिएको हो। सहभागी टिमलाई समूहमा विभाजन गरी नकआउट चरणमा प्रतियोगिता आयोजना हुनेछ। प्रतियोगिता आइसीसी सुपर सिक्स टुर्नमिन्टको नियमअनुसार क्रिकेट एसोसिएसन अफ रुपन्देहीको प्रविधिक सहयोग र समन्वयमा हुने समाजले जानकारी दिएको छ।

प्रतियोगिताको विजेता टिमलाई रनिङ सिल्डसहित खसी प्रदान गरिने छ भने म्यान अफ द म्याच, मेन अफ द सिरिज, बेस्ट बलर, बेस्ट ब्याटरलगायतलाई ट्रफी र प्रमाणपत्रको व्यवस्था गरिएको जनाए।

स्वर्णकार प्रतियोगितामा संस्थापक संयोजक श्याम सुनारले सुनचाँदी व्यवसायीको हकहित र व्यवसायिक संरक्षण र सम्वर्द्धन गर्दै सामाजिक क्रियाकलाप गर्नका लागि स्वर्णकार समिति बनेको बताए। सुरुवाती चरणमा २०४८ सालबाट लगातार ५ वटा क्रिकेट प्रतियोगिता एसएसपी कार्यालयमा गरे पनि केही समय रोकिएकोले यस वर्ष नयाँ पिडीले यस्को सुरुवात गरेर जीवन्त बनाउन लागेको बताए।

अर्का संस्थापक सदस्य प्रेमकुमार सेन्चुरीले स्वास्थ्यप्रति संवेदनशील नभएकोले स्वर्णकार समितिले क्रिकेट मात्रै होइन फुटबल पनि ३-४ वर्ष आयोजना गरेको बताए। सधैं व्यवसायमा व्यस्त हुनुभन्दा पनि केही समय स्वास्थ्य र राष्ट्रका लागि पनि दिनुपर्छ भन्दै हामीले यसको सुरुवात गरेको बताए। यही समाजकै अगुवाइमा रुपन्देही क्रिकेट संघको स्थापना गरिएको समेत सेन्चुरीले जनाए।

स्वर्णकार समितिका संयोजक डम्बरलाल रामदामले पुनर्जीवित भएको यो समाजले धेरैभन्दा धेरै युवाहरुलाई एकजुट गराई समाजलाई बृहत् बनाउनु पर्ने बताए। सुनचाँदी व्यवसायीलाई मात्रै होइन सबै शिल्पकारलाई यसमा समेटेर लैजानु पर्छ। खेल मात्रै नभई समाजिक काममा पनि युवाहरुले नेतृत्व लिई यस क्षेत्रको ऐतिहासिक विश्वकर्मा मन्दिरलाई संरक्षण र उचित व्यवस्थापन गर्न समेत उनले अनुरोध गरे।

**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्कः**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**सहकारीका गतिविधिबारे सचेत बनौं**

-सहकारी कानूनको पालना गरौं।
-गैर सदस्यताहरुसँग आर्थिक कारोबार नगरौं।
-एक परिवारका एक भन्दा बढी सदस्य एकै पटक संचालक समितिमा नबसौं।
-संचालकहरुलाई सहकारीको कर्मचारीको रुपमा नराखौं।
-नियमित रुपमा सहकारी संस्थाको साधारणसभा र लेखापरीक्षण गराऔं।
-सहकारी संस्थाको संचालन तथा कारोबारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं।
-आफ्नो सहकारी संस्थाको गतिविधिबारे सदस्यहरु सचेत बनौं।
सहकारी मूल्य मान्यताको पालना गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com